मकालु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नुम, संखुवासभा

१ नं. प्रदेश, नेपाल

# मकालु गाउँपालिका बाढी पिडित आवास पुनः निर्माण कार्यविधि

२०७८, पहिलो संसोधन

कार्यपालिकाबाट स्वीकृत मिती: २०७८।०२।०४

# मकालु गाउँपालिका बाढी पिडित आवास पुनः निर्माण कार्यविधि, २०७८ पहिलो संसोधन

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ (गाउँपालिकाको अधिकार) को उपदफा २ को खण्ड नं. को उपखण्ड ८ मा विपद पश्चात स्थानीय स्तरको पुर्न स्थापना र पुननिर्माण सम्बन्धी संचालन रहेको र आ.व. २०७६/७७ मा यस मकालु गाउँपालिकामा परेको अविरल वर्षाको कारण बाढीबाट आवास (घर) क्षति भई कार्यपालिकाको निर्णय बमोजिम छनौट भएका ५९ पिडित परिवारहरुको पुन आवास निर्माण गरी पुन स्थापना गर्न प्रदेश सरकारबाट प्राप्त सम्पुरक अनुदान (बाढी पहिरो पुन निर्माण कार्यक्रम), मकालु गाउँपालिका र सम्बन्धित लाभग्राही समेतको संयुक्त लगानी साझेदारीमा गर्नुपर्ने आवश्यकता भएकोले सोही ऐनको दफा ११ (गाउँपालिकाको अधिकार) को उपदफा २ को खण्ड नं. को उपखण्ड १ र दफा १०२ बमोजिम यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद – १

१. सक्षिप्त नाम र प्रारम्भ:-

क) यस कार्यविधिको नाम "मकालु गाउँपालिका बाढी पिडित आवास पुन निर्माण कार्यविधि, २०७८ पहिलो संसोधन" रहेको छ ।

ख) यो कार्यविधि मकालु गाउँ कार्यापालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा:-

क) "मकालु गाउँपालिका बाढी पिडित आवास" भन्नाले बाढीबाट पिडित परिवारले निर्माण गर्ने गरी मकालु गाउँपालिकबाट स्वीकृत डिजाईन अनुसारको आवास सम्झनु पर्छ ।

ख) "कार्यक्रम" भन्नाले मकालु गाउँपालिका बाढी पिडित आवास कार्यक्रम (बाढी पहिरो पुन निर्माण कार्यक्रम) सम्झनु पर्छ ।

ग) "लाभग्राही" भन्नाले अविरल वर्षाको कारण बाढीबाट आवास क्षति भई मकालु गाउँपालिकाको निर्णय बमोजिम छनौट भएको बाढी पिडित परिवार सम्झुन पर्छ ।

घ) "निर्माण कार्य" भन्नाले मकालु गाउँपालिकाको स्वीकृत डिजाइन र प्राविधिक लागत इष्टीमेट बमोजिम लाभग्राही आफैले आवास पुन निर्माण कार्य सम्झनुपर्छ ।

ङ) "किस्ता रकम" भन्नाले सम्बन्धित लाभग्राहीसँग भएको सम्झौतामा उल्लेख भए अनुसार लाभग्राहीको खातामा कार्यालयले निकाशा गरिएको रकम सम्झनुपर्छ ।

च) "सम्झौता" भन्नाले मकालु गाउँपालिका र लाभग्राही वीच पनु आवास निर्माण गर्न भएको सम्झौता सम्झुनपर्छ ।

छ) "लागत सहभागिता" भन्नाले प्रदेश सरकार र यस कार्यालयको तर्फबाट विनियोजित रकमलाई बाडफाँड गरी आउने एक लाभग्राहीले पाउने रकम बाहेक प्राविधिक इष्टमेटको आधारमा पुन आवास निर्माण सम्पन्न गर्न लाग्ने गरी सम्बन्धित लाभग्राहीले व्यहोर्नुपर्न थप लागत रकम समेत सम्झनुपर्छ ।

## परिच्छेद – २

लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. लक्षित वर्गको पहिचान:- लक्षित वर्गको पहिचान देहायको आधारमा गरिनेछ।

क) बाढीबाट क्षति भएको सम्बन्धित वडाको स्थायी बासिन्दा भएको हुनुपर्ने छ।

ख) आ.व. २०७६/७७ मा परेको अविरल वर्षाको कारण बाढीबाट आवास क्षति भई कार्यपालिकाको निर्णयबाट छनौट भएको व्यक्ती हुनुपर्ने छ।

ग) बाढीबाट आवास क्षति भएको भनी सम्बन्धित वडाबाट प्रहरी सर्जमिन मुचुल्का सहतिको सिफारिस भएको हुनुपर्ने छ।

४. लाभग्राहीको छनौटका आधार:-

क) बाढीबाट क्षति भएको पिडित परिवारको छनौट कार्यपालिकाको निर्णयबाट भएको हुनुपेर्ने।

ख) बाढीबाट क्षति भएको आवास (घर) को फोटो, जग्गाधनी प्रमाणपुर्जा, कर तिरेको रसिद, वडा कार्यालयको सिफारिस, नागरिकताको प्रतिलिपि, बाढीबाट क्षति भएको भनि प्रहरी सर्जमिन मुचुल्का सहति सम्वन्धित लाभग्राहीले पेश गरेको निवेदनमा उप-प्रमुख र प्रमुखको सिफारिस।

५. कार्यक्रम कार्यान्वयन स्थल:-

क) बाढीबाट पिडित परिवारले आफनै स्वामित्वमा रहेको मकालु गाउँपालिकाको कुनै पनि स्थानमा मकालु गाउँपालिकाले स्वीकृत गरेको डिजाइनमा पुन आवास निर्माण गर्न सक्ने र स्वीकृत डिजाइनको नमुना अनुसुची १ मा उल्लेख गरिएको छ।

ख) प्राकृतिक जोखिममा रहेको वन सीमाक्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यन्वयन गरिने छैन।

ग) मकालु गाउँपालिका बाहेक अन्य स्थानमा घर निर्माण गर्न पाउने छैन।

## परिच्छेद – ३

६. सम्भौताका प्रक्रिया

क) चाल आ.व. २०७७/७८ मा बाढी पिडित पनु निर्माण कार्यक्रमको लागि प्रमुख र उप-प्रमुखको निर्देशनमा कार्यालयले व्यहोर्ने गरी कुल रकम रु. २,४०,००,०००।- (दुई करोड चालिस लाख) रकममा कार्यपालिकाको निर्णयानुसार छनौट भएका जम्मा ५९ बाढी पिडित परिवारलाई बाँडफाडँ गर्दा प्रति परिवार रु. ४,०६,७७९।- (चार लाख छ हजार सात सय उन्नासी मात्र) को कार्यालयले व्यहोर्ने गरी प्राविधिक लागत इष्टीमेटको आधारमा सम्झौता गर्ने र सम्भौताको नमुना अनुसुची २ मा उल्लेख गरिएको छ।

ख) दफा ३ र ४ बमोजिम छनौट भएको बाढी पिडित परिवारले तोकिएको कागजातहरु पेश गरे पछि प्राविधकि लागत इष्टीमेटको आधारमा कार्यालयले सम्झौता प्रक्रिया अघि बढाउने छ ।

ग) सम्झौतामा कार्यालयले तोकिएको शर्तहरु सम्बन्धित बाढी पिडित परिवारले पुर्ण रुपमा पालना गर्नुपर्ने छ ।

घ) प्राविधिक इष्टीमेट जति सुकै रकमको भएपनि पनि इष्टीमेटमा कार्यालयले व्यहोर्नु पर्ने रकम भन्दा बढी कार्यालयले भुक्तानी गरिने छैन ।

ङ) चालु आ.व. २०७७/७८ मा प्रदेश सरकारवाट समपुरक अनुदान अन्तरगत बाढी पहिरो पुन निर्माण कार्यक्रममा रु. ५० लाख प्राप्त भएको र सो मा मकालु गाउँपालिकाको समपुरक कोषबाट २० प्रतिशतले हुने रु. १० लाख गरी जम्मा ६० लाखको परिधिभित्र रही पहिलो किस्ता वापत लाभग्राहीलाई निकाशा दिइने छ ।

च) माथि खण्ड (ङ) मा जनुसुकै कुरा उल्लेख भएपनि प्रदेश सरकारबाट थप रकम प्राप्त भएमा सो मा मकालु गाउँपालिकाको समपुरक कोषबाट २० प्रतिशत थप गरी प्राविधिक प्रतिवेदनको आधारमा थप किस्ता वापत निकाशा दिने तर प्रदेश सरकारबाट थप रकम प्राप्त नभएमा थप किस्ता वापत रकम प्रमुख र उपप्रमुखको प्रस्तावमा कार्यपालिकाको चालु आ.व. वा आगामी आ.व. मा रकमको व्यवस्थापन गरी कार्यपालिकाको निर्णयानुसार निकाशा गरिने छ । कार्य सम्पन्न नगरेमा पहिलो किस्ता वापत निकाशा गरिएको रकम सरकारी वाकी सरह असुल उपर गरिने छ ।

छ) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सोमा बापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

ज) लाभग्रहीसँग सम्झौता गर्दा २०७८/७९ सम्म सम्पन्न हुने गरी बहुवर्षिय सम्झौता गरिने छ ।

७. रकम उपलब्ध गराउने

क) कार्यालयको तर्फबाट ब्यहोर्नु पर्ने रकम जम्मा तीन किस्तामा उलब्ध गराउने छ । किस्ता बापत रकम निकाशा गर्दा प्राविधिकले तयार गरी कार्यपालिकाबाट स्वीकृत गरिएको ड्रइङ डिजाइनमा उल्लेख भए बमोजिमको आधारमा सम्झौता गरी स्वीकृत गरिएको लाभग्राहीलाई पहिलो किस्ता वापतको २५ प्रतिशत रकम कार्यसम्पादनको लागि सम्झौता पछि लाभग्राहीको खातामा पेश्कि वापतको पहिलो किस्ता रकम उपलब्ध गराईने छ । ड्रइङ डिजाइनमा उल्लेख भए बमोजिम र कार्यप्रगतिको आधारमा दोश्रो र तेश्रो किस्ता उपलब्ध गराईने छ । ड्रइङ डिजाइन बमोजिम काम नभएमा र स्वीकृत नक्शा बमोजिम घर निर्माण नभएमा सरकारी बाँकि सरह असुल उपर गरिने छ ।

ख) कार्यालयबाट रकम निकाशा गर्नुपुर्व सम्बन्धित लाभग्राहीले बैंक खाता अनिवार्य खोल्नु पर्ने छ र निकाशा रकम बैंक मार्फत मात्र गरिने छ ।

ग) मकालु गाउँपालिकाको कार्यालय र लाभग्राही बीच भएको सम्झौता बमोजिम मकालु गाउँपालिकाको कार्यालयले लाभग्राहीलाई कार्यप्रगतिको आधारमा निकाशा गर्दा सम्बन्धित लाभग्राहिले प्राविधिकको मुल्याङ्कनको आधारमा विल भरपाई, वडा कार्यालयको सिफारिस, भएका कार्यहरुको प्रष्ट देखिने गरी फोटोहरु, सुचना बोर्डको फोटो, अनुगमन सहितको प्रतिवेदन र कार्यालयले तोकेको अन्य कागजातहरु समेत पेशहुने गरी गर्नुपर्ने छ ।

घ) कार्यालयले सम्बन्धित लाभग्राहीको खातामा निकाशा गर्दा निकाशा रकमको सन्दर्भमा दफा ६ को उपदफा ङ र च प्रतिकुल नहुनेगरी गर्ने छ ।

ङ) सम्बन्धित लाभग्राहीसँग सम्झौता गरी रकम निकासा गर्दा, गाउँपालिकाको निर्णयबाट गरिने छ ।

च) बाढी पिडित आवास पुन निर्माण कार्यक्रममा खर्च भएका सम्पुर्ण फाँटवारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित मकालु गाउँकार्यपालिकाको कार्यलयको हुने छ ।

## परिच्छेद – ४

अनुगमन सम्बन्धित व्यवस्था

८. अनुगमन समिति

क) बाढी पिडित आवास पुन निर्माण अन्तरगत सम्बन्ति लाभग्राहीहरुले निर्माण गर्ने आवासहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति रहने छ ।

१. सयोजक – श्री चमेली राई (उपाध्यक्ष)

२. सदस्य – श्री सम्बन्धित वडाका वडा अध्यक्ष

३. सदस्य – कार्यपालिका सदस्य (अध्यक्षबाट मनोनित १ जना)

४. सदस्य – प्राविधिक शाखा प्रमुख

५. सदस्य सचिव– श्री उमेश राई (अमिन सम्बन्धित कार्यक्रम हेर्ने कर्मचारी)

९. निर्माण सम्पन्न भएको मानिने:-

सम्झौता बमोजिमको आवास निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ ।

## परिच्छेद – ५

कार्यालय र सम्बन्धित लाभग्रहीको जिम्मेवारी र भुमीका

१०. कार्यालयको जिम्मेवारी र भुमिका

क) कार्यालयको स्वीकृत डिजाइन र लागत इष्टीमेट सम्बन्धित लाभग्राहीलाई उपलब्त्र गराउने

ख) स्वीकृत डिजाइन र लागत इष्टीमेटको आधारमा पुन आवास निर्माण कार्य गर्न प्राविधिक सहयोग उपलब्ध गराउने र अनुगमन गर्ने ।

ग) स्वीकृत डिजाइन र लागत इष्टीमेटको आधारमा कार्य भएको नभएको अनुगमन गरी मात्र प्राविधिक प्रतिवेदनको आधारमा दोश्रो र तेश्रो किस्ता निकासा दिने ।

घ) कार्यालयसँग सम्झौता गरी सम्बन्धित लाभग्राहीले निर्माण कार्य सम्पन्न नगरेमा निकासा भएको रकम सम्बन्धित लाभग्राहीबाट सरकारी बाकी सरह असुल उपर गर्ने र सम्बन्धित लाभग्राहीलाई कानुनी कारवाही गर्ने ।

११. सम्बन्धित लाभग्राहीको भुमिका

क) कार्यालयले उपलब्ध गराईएको डिजाइन र लागत इष्टीमेटको आधारमा सम्बन्धित लाभग्रही स्वयंले आवास निर्माण गर्नुपर्ने ।

ख) सम्झौता गर्न यस कार्यविधिमा उल्लेख भएका कागजातहरु र कार्यालयले तोकेको अन्य कागजातहरु उपलब्ध गराई कार्यालयसँग सम्झौता गर्ने ।

ग) कार्यालयबाट सम्झौता भई निर्माण कार्य शुरु नगरेमा वा शुरु गरे पनि सम्पन्न नगरेमा कार्यालयबाट रकम प्राप्त गरेको भए प्राप्त गरेको रकम र सो मा नियमानुसार लाग्ने ब्याज समेत फिर्ता गर्नुपर्ने र कारवाहीको भागीदारी हुनुपर्ने ।

घ) निर्माण भईरहेको अवस्थामा कार्य प्रगतीको बारेमा प्राविधक, अनुगमन समतिका संयोजक र वडाध्यक्षलाई समय समयमा जानकारी गराउने ।

ङ) दफा ६ को उपदफा च को अवस्था आइपेरेमा सम्बन्धित लाभग्राहिले थप किस्ता वापतको रकम प्राप्त गर्ने सन्दर्भमा कार्यपालिकाको निर्णय पालन गर्नुपर्नेछ ।

**परिच्छेद – ६**

**अनुसुची – १**

बाढी पिडित आवस पुन निर्माणको स्वीकृत डिजाइन

**डिजाइन नं. १**

**डिजाइन नं. २**

**डिजाइन नं. ३**

**डिजाइन नं. ४**

**डिजाइन नं. ५**

( उल्लेखित ड्रइङ, डिजाइन, लागत इष्टीमेटको किताव संलग्न छ । )

**नोटः उल्लेखित पाँच प्रकारको डिजाइन बाहेक बाढी पिडित कसैले अन्य डिजाइन अनुसारको आवास निर्माण गर्न चाहेमा नेपाल सरकारको स्वीकृत काउन्सील नं. प्राप्त इन्जिनियरबाट नक्शा तयार गराई कार्यालयको प्राविधिकबाट स्वीकृत गरी मात्र निर्माण कार्य गर्न सक्ने** ।)

## अनुसुची – २

कार्यालय र सम्बन्धित लाभग्राही बीच गरिने सम्झौताको ढाँचा

मकालु गाउँपालिकाको कार्यालय (पहिलो पक्ष) र कार्यपालिकाको निर्णयबाट छनौट भई मकालु गाउँपालिका वडा नं. ......... बस्ने बाढी पिडित श्री ...................................................... (दोश्रो पक्ष) बिच देहाय बमोजिमको सर्तहरुको अधिनमा रही बाढी पिडित आवास पुन निर्माण कार्य सम्बन्धि सम्झौता पत्र ।

**सम्झौताका शर्तहरु**

१. बाढी पिडित परिवार र योजनाको विवरण

क) बाढी पिडितको नाम: श्री.................................... ठेगाना:............................................

ख) भवन निर्माण हुने स्थान: .............................................................................................

ग) पिडित परिवारको सम्पर्क नं.:............................................................................................

घ) उद्देश्य- वाढीबाट पिडित परिवारको पुनस्थापना गर्ने ।

२. योजनाको लागत सम्बन्धी विवरण

क) प्रदेश सरकारको समपुरक अनुदान कार्यक्रमबाट (वाढी पहिरो पुन निर्माण कार्यक्रम ८० प्रतिशत) रु.......................................

ख) मकालु गाउँपालिकाको समपरक कोषबाट २० प्रतिशत रु.........................................................

ग) समबन्धित लाभग्राहीको तर्फबाट लागत रु...........................................................................

घ) जम्मा इष्टीमेट लागत रु.........................................................................................................

( निकाशा गर्दा कन्टेन्जेन्सी र नियमानुसार कर कट्टी गरी मात्र निकाशा दिने । )

**शर्तहरुः**

१. यो सम्झौताको म्याद मिति ........................................देखी..............................................सम्म मात्र रहने हुँदा सो अवधि भित्र सम्बन्धित लाभग्राहीले आवासको पुन निर्माण कार्य सम्पन्न गरि सक्नुपर्नेछ ।

२. पुन निर्माणको लागी आवश्यक पर्ने सामग्री, जनशक्ती आदि सम्बन्धित लाभग्राही स्वयंले व्यवस्थपन गर्नुपर्ने छ ।

३. सम्वन्धित लाभग्राहीले आवास पुन निर्माण गर्दा मकालु गाउँपालिकाको स्वीकृत डिजाइन तथा लागत इष्टीमेट बमोजिम मात्र तोकिएको प्राविधिकको रेखदेख र समन्वयमा गर्नुपर्नेछ ।

४. स्वीकृत डिजाइन र लागत इष्टीमेट बमोजिम निर्माण कार्य नगरेमा कार्यालय भुक्तानी गरिने छैन र भुक्तानी भएको किस्ता रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

५. कार्यालयले व्यहोनुपर्ने रकम तीन किस्तामा उपलब्ध गराइने छ । सम्झौता पश्चात लाभग्राहिलाई २५ प्रतिशत रकम कार्यसंचालन गर्न पेशिक उपलब्ध गराइनेछ । टाई विम तथा छानो छाउने काम सम्पन्न भए

पश्चात २५ प्रतिशत र प्लाष्टर तथा रगंरोगन सम्मको कार्य सम्पन्न गरे पश्चात अन्तिम किस्ता ५० प्रतिशत रकम भुक्तानी गरिने छ । उल्लेखित किस्ताहरु भुक्तानी गर्दा चालु आ.व.मा पर्याप्त रकम विनियोजन नभएको र पहिलो किस्ता भुक्तानी गर्न सक्ने रकम मात्र विनियोजना रहेकोले चालु आ.व. मा विनियोजित रकमको आधारमा मात्र पहिलो किस्ता भुक्तानी हुने र दोश्रो र अन्तिम किस्ताको हकमा चालु आ.व. मा थप रकम व्यवस्थापन हुने अवस्था यकिन नभएकोले प्रमुख र उप प्रमुखको निर्देशन र पहलमा चालु आ.व. वा आगामी आ.व. मा थप रकमको व्यवस्थापन नभएको खण्डमा भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन तर पहिलो किस्ता प्राप्त गरे पश्चात आवास निर्माण कार्य सम्पन्न गर्ने दायित्व दोश्रो पक्षको हुने छ । पहिलो किस्ता प्राप्त गरी निर्माण कार्य सम्पन्न नगरेमा भुक्तानी भएको पहिलो किस्ता वापतको रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

६. सम्बन्धित लाभग्राहीले पहिलो किस्ता वापत रकम प्राप्त गरेपछि निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । नगरेमा प्राप्त गरेको रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

७. किस्ता प्राप्त गर्न सम्बन्धित लाभग्राहीले प्राविधिकबाट भएको नापी किताल, मुल्याकंन कार्य सम्पन्न प्रतिवेदन, अनुगमन समितिको सिफरिस, वडा कार्यालयको सिफरिस निर्माण कार्यको फोटोहरु तथा निर्माण कार्यसँग सम्बन्धित सम्पुर्ण खर्चहरुको विल, भर्पाइ आदि कागजातहरु स्वयं प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

८. सम्बन्धित लाभग्राहीले सामान खरिदको विल पेश गर्दा रु. २०,०००।- भन्दा माथिको विल अनिवार्यमा **VAT** मा हनुपर्नेछ ।

९. आवास पुन निर्माण गर्दा कार्यालय र सम्बन्धित लाभग्राही बीच कुनै विवाद भए कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१०. सम्बन्धित लाभग्राहीले सम्झौता सगै बैकमा खाता खोली खाताको विवरण कार्यलयलाई उपलब्ध गराउनुपर्ने छ ।

११. अन्तिम किस्ता प्राप्त गर्न वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सामाजिक परीक्षण समेत गरी सो को प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

१२. मकालु गाउँपालिकाबाट स्वीकृत बाढी पिडित आवास पुन निर्माण कार्यविधि २०७८ को बारेमा म.............................................. लाई राम्ररी जानकारी भयो र कार्यविधिमा उल्लेखित शर्तहरु समेत पुर्ण रुप्मा पालन गर्न सहमती भई आवास पुन निर्माण कार्य गर्ने गरी सम्झौता गर्दछु ।

१३. दोश्रो किस्ता र अन्तिम किस्ता वापतको रकम व्यवस्थापन हुन नसकेमा कार्यालयले भुक्तानी गर्न बाध्य नहुने र निर्माण कार्य सम्पन्न नगरेमा पहिलो किस्ता वापतको रकम फिर्ता गर्न तयार भई दोश्रो र तोश्रो किस्ता वापतको रकम भुक्तानी पाउन कही कतै उजुरी नगर्ने र गरेको खण्डमा यसै सम्झौतालाई आधारमा मानी बदर गर्दा समेत दोश्रो पक्ष म.............................................. लाई मन्जुरी छ भनी राजीखुसीले सही छाप गरेको छु ।

**दाश्रो पक्षको तर्फबाट**

दस्तखत:..............................................
नाम:..............................................
ठेगाना: ..............................................
नागरिकता नं. ....................................

**पहिलो पक्षको तर्फबाट**

दस्तखत:....................................
नाम:....................................
पद:....................................
कार्यालय:....................................

**रोहवर**

१. श्री तेज बहादुर पोखेल - प्रमुख- मकालु गाउँपालिका नुम, संखुवासभा
२. श्री चमेली राई - उप प्रमुख- मकालु गाउँपालिका नुम, संखुवासभा
३. श्री विनम दाहाल- इन्जिनियर- मकालु गाउँपाकिला नुम, संखुवासभा
४. श्री स्मरणराज गिरी - सहायक पाचौं लेखा - मकालु गाउँपालिका नुम, संखुवासभा

इति सम्वत् २०७८ साल........... महिना.............गते.............रोज शुभम